कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्या: (प्र.वि.व्य.के.)/२०७७/७८ च.सं.: ११८९ मिति : २०७७/१२/१३

विषय :- निर्णयको प्रतिलिपि पठाईएको सम्बन्धमा ।

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री उत्तर-पश्चिम पृतना हेडक्वाटर निमारे ब्यारेक, सुर्खेत।
श्री कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत।
श्री सशस्त्र प्रहरी बल नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेत।
श्री राष्ट्रिय अनुसन्धान कर्णाली प्रदेश कार्यालय, सुर्खेत।
श्री जिल्ला प्रशासन कार्यालय (सबै), कर्णाली प्रदेश।
श्री स्थानीय तह (सबै), कर्णाली प्रदेश।

प्रस्तुत विषयमा मिति २०७७/१२/१३ गते माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको Province Crisis Management Center (PCMC) को बैठकका निर्णयहरु पाना १ (एक) आवश्यक कार्यान्वयनको लागि तहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कोभिड -१९ विपद् व्यवस्थापन केन्द्र सिंहदवार, काठमाण्डौ ।

श्री कोभिड -१९ विपद् व्यवस्थापन कार्यसञ्चालन केन्द्र, सिंहदरवार, काठमाण्डौ ।

२०७७/१२/१३
.....................
(हेमबहादुर राना)
उप सचिव

इमेल: ocmcmkarnali@gmail.com

**प्रदेश विपद् व्यवस्थापन केन्द्रको मिति २०७७।१२।१३ को बैठकको निर्णायः**

१. कोरोना रोगको संक्रमण भारत लगायतका देशहरुमा पुन : देखा परिरहेको अवस्थामा रोजगारी तथा अन्य कामले भारत गएका नेपाली नागरिकहरु दिन प्रतिदिन नेपाल फर्किने क्रम रहेकोले यसको नियन्त्रणको लागि प्रदेश प्रवेशको सीमा नाकामा भारतबाट आउने नागरिकहरुको टेलिफोन सम्पर्क नम्वर तथा ठेगाना सहितको स्पष्ट विवरण राख्ने र उपलव्ध गराउने व्यवस्था समेत कर्णाली प्रदेश प्रहरी कार्यालयले मिलाउने ।

२. कोभिड-१९ को संक्रमण सम्बन्धी जानकारी आदानप्रदान गर्न हटलाइन कल सेन्टरको व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने ।

३. सार्वजनिक यातायातमा सवारी गर्ने यात्रुहरुलाई अनिवार्यरुपमा मास्क प्रयोग गर्न लगाउन वस व्यवसायी समितिलाई अनुरोध गर्ने व्यवस्था सम्बन्धित प्रमुख जिल्ला अधिकारीले गर्ने ।

४. स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नुपर्ने सम्बन्धमा आव्यक प्रचारप्रसार सहित सीमा नाकाबाट प्रवेश गरेका र स्वास्थय परीक्षण गर्दा कोभिड-१९ को लक्षण देखिएका व्यक्तिहरुलाई अनिवार्यरुपमा होम आइसोलेसनमा बस्नुपर्ने र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नुपर्ने व्यवस्था समाजिक विकास मन्त्रालयले मिलाउने ।

५. कोभिड-१९ सम्बन्धी प्रत्येक पालिकामा एउटा उपचार केन्द्र राख्ने सम्बन्धमा आवश्यक बजेट पठाइ सकिएकोले सोको स्थापना/व्यवस्थापन सामाजिक विकास मन्त्रालयले मिलाउने ।

६. प्रत्येक जिल्लामा एउटा कोभिडअस्पताल र सुर्खेत, जुम्ला र रुकुम चौरजहारीमा बेड सिहतको आइसियू व्यवस्था गर्ने ।

७. कर्णाली प्रदेशका आमजनतालाई पुग्नेगरी तत्काल खोपको व्यवस्था मिलाइदिन संघीय सरकारलाई सामाजिक विकास मन्त्रालयले अनुरोध गर्ने र संघीय सरकारले उपलव्ध गराउन नसकेमा प्रदेश सरकारले आवश्यक पहल गर्ने ।

८. प्रदेश अस्पताल नयाँ भवनमा सञ्चालन गर्न बेड लगायत आन्तरिक व्यवस्थापनको लागि आवश्यक बजेटको लागत अनुमान सामाजिक विकास मन्त्रालयले तयार गरी पेश गर्ने ।

९. स्वास्थ्य सम्वन्धी कार्यको लागि खटिएका साविकको जनशक्तिलाई नै परिचालन गर्ने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने ।

१०. कोभिड-१९ सम्बन्धी सुरक्षा मापदण्ड पालना र नियन्त्रणको सम्बन्धमा सामाजिक विकास मन्त्रालय,स्वास्थ्य सेवा निर्देशनालय र सुरक्षा निकायहरुले शीघ्र बैठक बसी आवश्यक निर्णय लिने ।

सचिव

प्रमुख सचिव

मा. महेन्द्र बहादुर शाही
मुख्यमन्त्री